# एभर्टनसँग हाऱ्यो लिभरपुल

**काठमाडौं ।** इंग्लिस प्रिमियर लिगअन्तर्गत शनिबार राति भएको खेलमा एभर्टनले लिभरपुललाई पराजित गरेको छ । साविक विजेता लिभरपुललाई एभर्टनले २-० ले पराजित गरेको हो । एभर्टनको जितमा रिचार्लीसन र गिल्फी सिगुर्डसनले गोल गर्नुभयो ।

खेलको तेस्रो मिनेटमै रिचार्लीसनले हामेस रोड्रिग्वेजको पासमा गोल गर्दै एभर्टनलाई अग्रता दिलाउनुभएको थियो । ८३औं मिनेटमा गिल्फी सिगुर्डसनले पेनाल्टीमार्फत गोल गर्दै एभर्टनलाई २-० को जित दिलाउनुभयो । यो जितसँगै एभर्टन २४ खेलबाट ४० अंक जोडेर सातौं स्थानमा यथावत् रहँदा लिभरपुल पनि २५ खेलबाट ४० अंक जोडेर छैटौं स्थानमा छ ।

अर्को खेलमा लण्डन क्लब चेल्सी साउथह्याम्टनसँग १-१ को बराबरीमा रोकिएको छ । चेल्सीले एक गोलले पछि परेको अवस्थामा पुनरामगन गर्दै बारबरी गरेको हो । साउथह्याम्टनका ताकुमी मिनामिनोले गोल गर्दा चेल्सीका मासन माउण्टले पेनाल्टीमार्फत बराबरी गोल फर्काउनुभएको थियो । खेलको ३३औं मिनेटमा मिनामिनोले नाथन रेडमण्डको पासलाई गोल गर्नुभएको थियो । ५४औं मिनेटमा मासन माउण्टले पेनाल्टीमार्फत बराबरी गोल फर्काउनुभयो ।

# २६ खेलाडीलाई एनएनआइपीए स्पोर्टस अवार्ड

**काठमाडौं ।** नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआइपिए) ले १३औं दक्षिण एशियाली खेलकुद सागमा पदक विजेतासहित २६ जना खेलाडीलाई १५औं संस्करणको 'एनएनआइपिए अवार्ड'बाट सम्मान गरेको छ ।



मध्यपुरथिमी नगरपालिका-४ निगु पुखु (दुई पोखरी) मा मध्यपुरथिमी नगरपालिका स्थानीय आयोजक रहेको अवार्ड वितरण कार्यक्रममा अघिल्लो वर्षभर गरेको प्रदर्शनको आधारमा सम्बन्धित राष्ट्रिय खेल संघले गरेको सिफारिशका आधारमा वर्षका उत्कृष्ट महिला र पुरुष सर्वोत्कृष्ट खेलाडी, प्रतिभावान र राइजिङ प्लेयर अफदिइयर घोषणा गरी सम्मान गरिएको हो ।

पौडीकी गौरिका सिंह र करातेका मण्डेकाजी श्रेष्ठले नगद एक-एक लाख ग्लोबल आइएमई वेष्ट प्लेयर अवार्ड हात पार्नुभएको छ । गल्फका सुवास तामाङ र महिलातर्फ कुस्तीकी संगीता धामीलाई नगद ५० हजारसहित उदयमान खेलाडीको अवार्ड प्रदान गरिएको छ । नगद ५० हजारसहित तेक्वान्दोकी आयशा शाक्य र फुटबलर सुजल श्रेष्ठलाई प्रतिभावान खेलाडीको अवार्ड प्रदान गरिएको छ ।

नगद १० हजारसहित एनएनआइपिए स्पोर्टस अवार्डबाट आर्चरीतर्फ सनातन मल्ल, एथलेटिक्सतर्फ सन्तोषी श्रेष्ठ, व्याडमिन्टनतर्फ रत्नजित तामाङ, बास्केटबलतर्फ अनुसामल्ल, बक्सिङतर्फ मीनु गुरुङ, क्रिकेटतर्फ अञ्जलि चन्द, साइक्लिङतर्फ बुद्धिबहादुर तामाङ, फेन्सिङ्तर्फ रविना थापालाई सम्मान गरिएको छ । त्यस्तै फुटबलतर्फ सुजल श्रेष्ठ, गल्फतर्फ सुवास तामाङ, ह्याण्ड बलतर्फ कल्पनावली, जुडोतर्फ देविका खड्का, कबड्डीतर्फ मेनुका कुमारी राजवंशी, करातेतर्फ मण्डेकाजी श्रेष्ठ, खोखोतर्फ श्याम बुढाथोकी, लन टेनिसतर्फ प्रदीप खड्का, सुटिङतर्फ कल्पना परियार, स्वीमिङतर्फ गौरिका सिंहलाई सम्मान गरिएको छ । कार्यक्रममा टेबल टेनिसतर्फ पुरुषोत्तम बज्राचार्य, स्क्वासतर्फ विपनब्लोन, तेक्वान्दोतर्फ आइशा शाक्य, ट्राइथलनतर्फ सोनी गुरुङ, भलिबलतर्फ कुलबहादुर थापा, वेट लिफ्टिङतर्फ विकास थापा, कुस्तीतर्फ संगीता धामी, उसुतर्फ जुनी राई, पारा टेबल टेनिस केशव थापालाई ए सम्मान गरिएको छ । त्यस्तै उत्कृष्ट पत्रकारिता पुरस्कारबाट रोशन राउत र अकबर साहलाई कराते प्रशिक्षक गजराज जोशी आदर्श अवार्डबाट सम्मानित भएको छ । १६औं संस्करणको यो अवार्ड गोदावरी नगरपालिकाले आयोजना गर्ने कार्यक्रम मागोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले घोषणा गर्नुभयो । कार्यक्रममा मध्यपुरथिमी नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी जन्माउने अभियानसहित खेल र खेलाडीको विकासमा लागेको मध्यपुरमा कार्यक्रम आयोजना गर्दा यहाँका खेलाडीलाई हौसला मिलेको बताउनुभयो ।

# रंगशाला निर्माणका लागि महानगरको २० लाख

**चितवन ।** चितवनको रामपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका लागि ललितपुर महानगरपालिकाले २० लाख सहयोग गरेको छ । रंगशाला निर्माणको जिम्मा लिएको धुर्मुस सुन्तली फाउण्डेशन र महानगरपालिकाबीच शुक्रबार सम्झौतापत्रमा हस्ताक्षर भएको हो । महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले धुर्मुस सुन्तली फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेल (धुर्मुस) लाई २० लाख बराबरको चेक हस्तान्तरण गर्नुभएको छ ।




कार्यक्रममा प्रमुख महर्जनले रंगशाला निर्माणका लागि सबैको थोरैथोरै सहयोगले बल पुग्ने बताउनुभयो । उहाँले सबैको हातेमालोबाट रंगशाला निर्माण हुनेमा विश्वस्त रहेको उल्लेख गर्नुभयो । फाउण्डेशनका अध्यक्ष धुर्मुसले अप्ठ्यारो परिस्थितिमा ललितपुर महानगरपालिकाले गरेको सहयोगले देशको रंगशाला निर्माण भइरहेको छ भन्ने सन्देश दिएको बताउनुभयो । रंगशाला निर्माणका लागि देशभरका विभिन्न पालिकाबाट सहयोग प्राप्त हुनेक्रम बढ्दै गएको फाउण्डेशनका अध्यक्ष कट्टेलले जानकारी दिनुभयो । महानगरपालिकाको सहयोगबाट रंगशाला निर्माणका लागि ऊर्जा थपिएको पनि उहाँले बताउनुभयो ।

---

जीतपुरसिमरा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
जीतपुर, बारा
**प्रदेश नं. २, नेपाल ।**

## सच्याईएको सूचना

**सूचना प्रकाशित मिति : २०७७/११/१०**

यस कार्यालयबाट २०७७/११/०६ गते हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना **दरभाउपत्र नम्बर** (JSMC/MCB/GOODS//NS/08/077/078) औषधी खरिद कार्यको यो शिर्षक नम्बरको धरौटी रकम १,४३,०००।०० (एक लाख तिर्चालीस हजार) हुनुपर्नेमा अन्यथा भएकाले यसै सूचनाद्धारा सच्याइएको व्यहोरा सबैमा जानकारी गराइन्छ ।

---

**सोलुदुधकुण्ड नगरपालिका**
༄༅། །ཤོད་རོང་ཁོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
**नगर कार्यपालिकाको कार्यालय**
**सल्लेरी, सोलुखुम्बु**
**प्रदेश नं. १ नेपाल**

## स्यानिटरी प्याड खरीद गर्ने सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।११।१०**

यस नगरपालिकाको लागि आवश्यक स्यानिटरी प्याड खरीद गर्नुपर्ने भएकोले सो काम गर्न इजाजत प्राप्त इच्छुक फर्म तथा सप्लायर्सहरुबाट रीतपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

| दरभाउपत्र नं. | बिबरण | बिडबन्ड बापतको रकम | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|
| ५।०७७।७८ | स्यानिटरी प्याड आर्पुति | २८०००। | १०००। |

१. दरभाउपत्र फाराम मिति २०७७।११।१० देखि २०७७।१०।२५ सम्म कार्यालय समय भित्र यस कार्यालयबाट सुचनामा तोकिए बमोजिम दस्तुर बुझाइ खरीद गर्न सकिने छ वा सार्वजनिक खरीद अनुगमन कार्यालयको वेब साइट **www.bolpatra.gov.np/egp.** बाट फाराम डाउनलोड गरी बिधुतिय माध्यम बाट समेत फाराम खरीद तथा दाखिला गर्न सकिने छ ।
२. दरभाउपत्र सम्बन्धि कागजात मिति २०७७।११।२६ गते दिनको १२.०० बजे भित्र यस कार्यालयमा वा बिधुतिय माध्यमबाट दर्ता गरिसक्नु पर्नेछ
३. दरभाउपत्रसाथ मु.अ.कर दर्ता, फर्म, संस्था वा कम्पनी दर्ता, ब्यबसाय दर्ताको इजाजत र आ.ब. ०७६।७७ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।
४. दरभाउपत्रसाथ बिडबन्ड बापतको रकम श्री राष्ट्रिय बाणिज्य बैंक सल्लेरी सोलुखुम्बुमा रहेको सोलुदुधकुन्ड नगरपालिकाको धरौटी खाता नं. २०२०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।
५. दरभाउपत्र सम्बन्धि अन्य बिस्तृत कुराहरु बुझ्नुपर्ने भएमा यस कार्यालयको फोन नं. ०३८५२०२६४ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ वा सार्वजनिक खरीद कार्यालयको वेबसाइट **www.bolpatra.gov.np/egp.** बाट समेत बुझ्न सकिनेछ ।

---

**शिखर अर्गनाइजेशन लि.**
**का.म.न.पा. - ३, काठमाण्डौ**

## बार्षिक साधारण सभा सम्बन्धि सुचना ।

यस **शिखर अर्गनाइजेशन लि.** को आ.व.२०७६/०७७ को बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले सो साधारण सभामा उपस्थित हुन सबै शेयरधनी महानुभावहरुलाई उक्त साधारण सभामा पेश हुने प्रस्ताव सहितको पत्र पठाइएको छ । उक्त पत्र प्राप्त नभएमा यसै सुचनालाई आधार मानी साधारण सभामा उपस्थित भई दिनुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समयः**
मितिः २०७७/१२/०२ गते
स्थानः कम्पनीको कार्यालय का.जि.का.म.न.पा.-३, काठमाण्डौ ।
समयः दिनको ११:०० बजे ।

**साधारण सभामा पेश हुने छलफलका बिषयहरूः**
१) आ.व २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा ।
२) लेखापरीक्षण प्रतिवेदन सहित आ ब. २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण माथि छलफल गर्ने सम्बन्धमा ।
३) आ.ब.२०७७/०७८ को लेखापरीक्षकको नियुक्ति र नीजको पारिश्रमिक सम्बन्धमा ।
४) संचालक समिति गठन गर्ने सम्बन्धमा ।
५) शाखा थप गर्ने सम्बन्धमा ।

**विशेष प्रस्ताव**
१) उद्देश्य थप गर्ने सम्बन्धमा ।
२) स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।
३) शेयर खरीद बिक्री गर्ने सम्बन्धमा ।
४) विविध ।

**केदारनाथ शर्मा**
(अध्यक्ष)

---

जीतपुरसिमरा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
जीतपुर, बारा
**प्रदेश नं. २, नेपाल ।**

## बोलपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०७७।११।१०**

यस कार्यालयको चालु आ.व. २०७७।०७८ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित सामाग्रीहरु बोलपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य फर्महरुले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र यस कार्यालयमा यो सूचना प्रकाशित भएको मिति देखी ३० दिन भित्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**तपसिल**

| बोलपत्र/ दरभाउपत्र नं. | समानको विवरण | अनुमानित लागत मुल्य (मु.अ.कर समेत) | धरौटी रकम (रु.) | दस्तुर रु. | खरिद गर्ने दिन र समय | दर्ता गर्ने दिन | खोल्ने दिन र समय |
|---|---|---|---|---|---|---|---|
| JSMC/NCB/ GOODS//NS/9/ 077/078 | ग्यास चुलो, भरिएको ग्यास सिलिण्डर, रेगुलेटर, १.५ मि.पाइप, लाइटर, र २ वटा सेफ्टीक्लिप सहित सम्पूर्ण सेट (६०२ सेट) | ३३,७१,२००।०० | ८४५००।०० | ३०००।०० | ३० औं दिन सम्म (कार्यालय समय भित्र ) | ३१ औं दिन मिति दिउसो १२:००सम्म | ३१ औं दिन समय -दिउसो २:००वजे |

**शर्तहरु**

१) बोलपत्रदाताले खामको बाहिरपट्टी बोलपत्र/दरभाउपत्रको नं. बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना र यस कार्यालयको नाम र ठेगाना प्रष्ट लेख्नु पर्नेछ ।
२) बोलपत्र दाखिला गर्दा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपी र आ.ब. ०७६।०७७ को कर चुक्तापत्र पेशगर्नु पर्नेछ ।
३) बोलपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कनै कार्यवाही हुने छैन ।
४) यस कार्यालयबाट प्रमाणित भएको सक्कल बोलपत्र/दरभाउपत्र मात्र मान्य हुनेछ ।
५) यस कार्यालयमा बोलपत्रदाताको रोहवरमा शिलबन्दी बोलपत्र, दरभाउपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र/दरभाउपत्र खोल्दा बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
६) यस उपमहानगरपालिका भित्रका फर्म, कम्पनी वा व्यवसायीहरुले यस कार्यालयमा व्यवसाय दर्ता प्रमाणपत्र बोलपत्र/दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
७) धरौटी रकम यस कार्यालयको नामको श्री नेपाल बैक जीतपुर शाखामा रहेको हि.नं. १०००३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्रको न्यूनतम १२० (एकसयविस) दिनको दिनको म्याद भएको बैंक ग्यारेन्टीको सक्कलप्रति पेश गर्नुपर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वान गर्ने वा स्थगन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
९) धरौटी रकम नियमानुसार फिर्ता हुनेछ ।
१०) यस बहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
११) यस बारेमा थप कुराबुझ्नु परेमा कार्यालय समय भित्रखरिद इकाई प्रमुख सँग सम्पर्क गर्न सकिनेछ ।

---

## बोनस दर सम्बन्धी सूचना

यस कम्पनीको आ.व २०७५/७६ को आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्याङ्कन सम्बन्धि बीमाङ्कीय प्रतिवेदन श्री बीमा समितिको मिति २०७७।११।०३ को पत्र मार्फत स्वीकृत भई आएको हुँदा यस कम्पनीबाट २०७६ आषाढ मसान्त सम्ममा जारी भएका मुनाफामा सरिक हुने बीमालेखहरुमा आ. व. २०७५/७६ को लागि तपसिल बमोजीमको बोनस दर कायम गरिएको व्यहोरा सम्पूर्ण बीमितहरु एवं अन्य सम्बन्धीत सबैलाई सहर्ष जानकारी गराउँदछौं ।

**तपसिल**

| बीमा योजना | बीमा अवधि (वर्ष) | बोनस (प्रतिहजार) | बीमालेख संख्या |
|---|---|---|---|
| सावधिक जीवन बीमालेख | ०-९ | २६ | १५५ |
| | १०-१४ | २६ | ७९१ |
| | १५-१९ | ३१ | १२४२९ |
| | २०-२४ | ४५ | १३८३ |
| | २५ वा सो भन्दा माथि | ७० | १२६ |
| सावधिक/अग्रिम भुक्तानी तथा आजीवन बीमालेख | ०-९ | २६ | ६ |
| | १०-१४ | २६ | १२६ |
| | १५-१९ | ३५ | २०६६ |
| | २०-२४ | ४५ | ३६४ |
| | २५ वा सो भन्दा माथि | ७० | २२ |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख | ०-९ | २६ | ० |
| | १०-१४ | २६ | ८० |
| | १५-१९ | ३५ | १००७ |
| | २०-२४ | ४५ | ८२९ |
| | २५ वा सो भन्दा माथि | ७० | १६ |
| वार्षिक अग्रिम भुक्तानी सावधिक (धन सरिता) | सम्पूर्ण बीमा अवधिका लागि | १३ | २०१६ |

उल्लेखित अवधिको लागि उपरोक्त अनुसारको बोनस दर मृत्यु दावी, पूर्ण वा आंशिक अवधि भुक्तानी दावी, समर्पण मूल्य, चुक्ता मूल्य तथा चालु बीमालेखमा समेत लागू हुने र कम्पनीको आगामी बीमाङ्कीय मूल्याङ्कन नभए सम्मका लागि अन्तरिम बोनस दर उपरोक्त बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

IMELiFE Ensuring Future
**आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
हाथवे कम्प्लेक्स, लैनचौर, काठमाडौं, फोन नं.: ४०२४०७१/७२
info@imelifeinsurance.com, www.imelifeinsurance.com

CMYK